# प्रतिनिधि सभाको बैठकमा सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको नेपाल सरकारको आ.व. २०६३/६४ को नीति तथा कार्यक्रम

मिति : २०६३ साल आषाढ २५ गते

## प्रतिनिधि सभाको बैठकमा सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको नेपाल सरकारको आ.व. २०६३/६४ को नीति तथा कार्यक्रम

सम्माननीय सभामुख महोदय,

१. लोकतन्त्र र दिगो शान्ति स्थापनाको लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण शहीदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दछु। घाइतेहरूको शीघ्र स्वस्थ्यलाभको कामना गर्दछु।

२. ऐतिहासिक जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधि सभाले जनताका आकांक्षा र पूर्ण लोकतन्त्रप्रतिको प्रतिबद्धतालाई व्यवहारमा उतार्नका लागि महत्वपूर्ण घोषणा गरेको सर्वविदितै छ। यस घोषणाले जनता अजेय शक्ति हुन् र नेपाली जनता सार्वभौमसत्ता सम्पन्न छन् भन्ने कुराको पुनःपुष्टि गरेको छ। प्रतिनिधि सभाको घोषणालाई कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

३. विगत एक दशकदेखि चलिरहेको हिंसात्मक द्वन्द्व अन्त्य गरी देशमा दिगो शान्ति स्थापना गर्न सरकार प्रतिबद्ध छ। यस अनुरूप ऐतिहासिक जनआन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, मानव अधिकार, राजनीतिक स्वतन्त्रता एवं कानूनी राज्यको अवधारणा लगायत सर्वस्वीकार्य लोकतान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्न आवश्यक कदम चालिनेछ। लोकतन्त्र र दिगो शान्ति स्थापनाको लागि दलहरूको एकतालांई सुदृढ गर्न र राष्ट्रिय महत्वका सबालमा राष्ट्रिय सहमति कायम गर्दै अघि बढिनेछ।

४. द्वन्द्वले सृजना गरेको असहज परिस्थिति, अविश्वास एवं घातप्रतिघातका घाउहरूलाई मेटाउँदै नेपाली समाजमा आपसी मेलमिलाप, सद्भाव र विश्वासयुक्त वातावरण कायम गराउने कार्यमा सर्वदलीय शान्ति अभियान चलाइनेछ। सर्वसाधारण जनतामा शान्ति सुरक्षाको प्रत्याभूति दिनका लागि जनताको सुरक्षाप्रति संवेदनशील, सक्षम र उत्तरदायी सुरक्षा संयन्त्रको विकास गरिनेछ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई बदलिएको परिवेश अनुरूप व्यवस्थित गरिनेछ। द्वन्द्वका कारणले पीडित एवं विस्थापित परिवारका लागि राहत सहयोग कल्याण तथा पुनःस्थापनाको कार्यक्रम सञ्चालन गरिनेछ। यसैगरी जनआन्दोलनका आदरणीय शहीदका परिवारका लागि शैक्षिक वृत्तिका साथै सामाजिक सुरक्षाको प्रबन्ध गरिनेछ। भत्केका संरचना पुनर्निर्माण गराउने कार्यमा विशेष ध्यान दिइनेछ।

५. सरकार-माओवादीबीच तथा सात राजनीतिक दल र ने.क.पा. माओवादीबीच भएका विभिन्न समझदारी एवं सहमतिअनुरूप हतियार व्यवस्थापन लगायतका

शान्ति स्थापनाका प्रतिबद्धताहरू कार्यान्वयन गर्दै स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा संविधान सभाको निर्वाचन गरी नेपाली जनताको चाहना अनुरूप मुलुकमा दीगो शान्ति स्थापना गरिनेछ ।

६. कमजोर अर्थतन्त्र, सीमित स्रोत साधन एवं जनआन्दोलनबाट सिर्जित असीमित जनआकांक्षा बीचको अन्तराल निकै ठूलो छ । यस सन्दर्भमा उपलब्ध सीमित स्रोतको कुशल व्यवस्थापन एवं प्रयोग गर्नुपर्ने हाम्रो आवश्यकता रहिआएको छ । सार्वजनिक खर्चको विनियोजन एवं आर्थिक सुधारका कार्यक्रम तर्जुमा गर्दा समाजका गरीब, विपन्न, सीमान्त र उत्पीडित समुदायलाई केन्द्रविन्दु बनाइनेछ । राष्ट्रिय जीवनमा समुचित प्रतिनिधित्व पाउन नसकेका भौगोलिक क्षेत्र, महिला, मधेसी, आदिवासी जनजातिको उत्थान र सशक्तीकरण गरी नयाँ नेपालको आधारशिला निर्माण गरिनेछ ।

७. समावेशी राज्य व्यवस्थाको अवधारणा अनुरूप नै विगतका अनुभव समेतलाई ध्यानमा राखी विकास कार्यक्रमको सञ्चालनमा सरकार, जनता, निजी र गैर सरकारी क्षेत्रबीच साझेदारी एवं सहकार्यको सिद्धान्तलाई अघि बढाइनेछ । जनताको असीमित जाँगर र ऊर्जाको सफल परिचालनबाट नै राष्ट्रनिर्माणको आधारशिला तयार हुनेछ ।

८. ग्रामीण रोजगारी र आयस्तर वृद्धिका साथै पूर्वाधार निर्माण गर्ने आयोजनाहरूमा प्राथमिकता दिइनेछ । ग्रामीण समुदायबाट नै संचालन हुनसक्ने सडक, विद्युत, सिंचाइ, वैकल्पिक ऊर्जा, सञ्चार सेवा, खानेपानी एवं सरसफाई, स्वास्थ्य एवं शिक्षा सेवा जस्ता क्षेत्रमा ग्रामीण जनताले नै आयोजना छनौट गरी उनीहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा कार्यान्वयन गरिनेछ । कार्यान्वयनमा प्रभावकारिता ल्याउन केन्द्रबाट साधन र स्रोतको थप विकेन्द्रीकरण गरी स्थानीयस्तरमा सिधै प्रवाह गरिनेछ । स्थानीय जनताको मागको आधारमा समुदायबाट संचालन हुने गरी प्रत्येक गाउँ विकास समितिलाई दिइँदै आएको वार्षिक अनुदानको अतिरिक्त निश्चित मापदण्ड पूरा गर्ने गा.वि.स.हरूलाई विद्युतीकरण, सडक, सिंचाई, विद्यालय भवन तथा खानेपानीको क्षेत्रमा थप अनुदान दिइनेछ ।

९. वैदेशिक सहायतालाई पनि ग्रामीण पूर्वाधार विकास र गरीबी निवारण गर्ने लगायतका राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा परिचालन गर्न जोड दिइनेछ । सार्वजनिक खरिदसम्बन्धी निर्णयमा हुने गरेको ढिलाइ र निर्माण आयोजनाहरूको कार्यान्वयनमा देखिएको ढिलासुस्ती, लागत वृद्धि जस्ता कारणले वैदेशिक सहायताका आयोजना प्रभावित हुने गरेको छ । यसमा सुधार ल्याउन सार्वजनिक खरीद सम्बन्धी कानून जारी गर्ने लगायतका प्रक्रियागत सुधारका कामहरू प्रारम्भ गरिनेछन् ।



१०. देशको ठूलो हिस्सा अझै पनि न्यूनतम यातायातको सेवाबाट वञ्चित रहेका कारण सडक यातायातको विकासमा विशेष जोड दिइनेछ । सडक यातायात सुविधाबाट वञ्चित रहेका १५ जिल्लामध्ये ७ जिल्लाका सदरमुकाम जोड्ने सडकको निर्माण कार्य आगामी आर्थिक बर्षमा पूरा गरिनेछ र बाँकी जिल्लाहरूमा आगामी ४ वर्ष भित्र सडक पुर्‍याउनेगरी कार्यक्रम तर्जुमा गरिनेछ । यसका साथै उत्तर दक्षिण सीमाना जोड्ने त्रिशूली - स्याप्रुवेसी-रसुवागढी सडक निर्माण यसै वर्ष प्रारम्भ गरिनेछ भने तराईको हुलाकी राजमार्ग र अन्य सहायक राजमार्गको स्तरोन्नतिका लागि विशेष कार्यक्रम शुरु गरिनेछ ।

११. नेपालको वित्तीय क्षेत्र कमजोर छ । शहरी क्षेत्रमा कर्जा दुरुपयोग व्यापक रूपमा देखिएको छ भने ग्रामीण क्षेत्रमा कर्जाको पहुँच सङ्कुचित हुँदै गएको छ । नेपाल सरकारले वित्तीय क्षेत्रमा रहेका विकृति र विसंगति हटाउन आवश्यक कदम चाल्नेछ । खराब नियतले वित्तीय संस्थाहरूबाट लिएको कर्जा नबुझाउने ऋणीहरूप्रति कडा नीति अपनाइनेछ । ग्रामीण कर्जा बजारको आकार र कुशलता बढाउन कानूनी र संस्थागत सुधार गरिनेछ ।

१२. विगत पाँच बर्षको अवधिमा आर्थिक क्षेत्रमा देखिएको संकटग्रस्त अवस्थाले प्रभावित हुनपुगेका पर्यटन, साना तथा घरेलु उद्योग लगायत समग्र औद्योगिक क्षेत्रका उद्योगहरूलाई पुनःस्थापन गर्न निजी क्षेत्रसमेतको सहभागितामा एक औद्योगिक पुनरुत्थान कोषको व्यवस्था गर्नेतर्फ कदम चालिनेछ । परिवर्तित लोकतान्त्रिक अवस्था र शान्तिबहालीको परिप्रेक्षमा नेपाल आउने पर्यटक वृद्धि गर्न विशेष प्रवर्धनात्मक कार्यहरू गरिनेछन् र हवाई सेवा भरपर्दो तथा विश्वसनीय बनाइनेछ ।

१३. उद्योग एवं व्यापार क्षेत्रमा लगानी र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न नीतिगत र कानूनी सुधार गरिनेछ । साफ्टा, विमस्टेक र विश्व व्यापार संगठनजस्ता क्षेत्रीय तथा बहुपक्षीय व्यापार समूहहरूसँगको आबद्धताको कारणले गर्दा नेपालमा लगानी र व्यापारको क्षेत्रमा थप अवसरहरू खुल्दै गएका छन् भने नयाँ चुनौतीहरू पनि सृजना भएका छन् । विश्व व्यापार संगठनको चालु वार्ता प्रक्रियामा कम विकसित मुलुकहरूको समूहसँग सहकार्य गर्दै हाम्रो जस्तो मुलुकले बहुपक्षीय व्यापार प्रणालीबाट प्राप्त गर्ने लाभलाई अधिकतम उपयोग गर्नेतर्फ प्रयत्न गरिनेछ ।

सभामुख महोदय,

१४. तराईलाई अन्नको भण्डार बनाउने, पहाडलाई फलफूलको खेतीले ढाक्ने र उच्च पहाडमा पशुपालन व्यवसायलाई जोड दिने नीतिलाई विशेष कार्यक्रमका साथ कार्यान्वयनमा ल्याइनेछ । साथै स्यालो ट्यूबवेल र सतह सिंचाईलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. आर्थिक विकासको मूल प्रवाहमा नसमेटिएका समुदाय एवं मानवीय विकासको दृष्टिले पछाडि परी चरम गरिबीको मारमा परेका जिल्लालाई लक्षित गरी उनीहरूको सशक्तीकरण एवं गरिबी न्यूनीकरणका विशेष कार्यक्रमहरू संचालन गरिनेछन् । कर्णाली अञ्चलको आर्थिक विकास र न्यूनतम रोजगारी प्रबन्धका लागि विशेष कार्यक्रम ल्याइनेछ र विद्युत् सुविधा नपुगेका प्रत्येक घरमा सौर्य टुकी उपलब्ध गराइनेछ ।

१६. जैविक विविधताको संरक्षण गर्ने कार्यक्रमका साथै सामुदायिक वन एवं कबुलियती वन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै वन पैदावारको माग सन्तुलनका लागि निज़ी वनलाई प्रोत्साहित गर्न मौजूदा ऐन, नियममा समसामयिक सुधार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७. जमिनमाथिको दोहोरो नियन्त्रण अन्त्य गर्ने सिलसिलामा मोही र जग्गाधनीहरूको आ-आफ्नो भागको हक-हिस्सा छुट्याउने कार्यलाई समयबद्ध विशेष कार्यक्रमको रूपमा सञ्चालन गरिनेछ । कानूनी एवं संस्थागत व्यवस्थाबाट भूमिमा भूमिहीनहरूको पहुँच बढाइनेछ । भूमिहीन मुक्तकमैया परिवारलाई जग्गा खरिद गर्न सहुलियतपूर्ण ब्याज दरमा दीर्घकालीन ऋण उपलब्ध गराइनेछ ।

१८. प्राथमिक शिक्षामा सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्न सबैको लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रमअन्तर्गत आगामी आ.व.मा कर्णाली अञ्चलका विद्यालय तह - कक्षा १-१० मा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई छात्रवृत्ति र बाँकी ७० जिल्लाका प्राथमिक विद्यालयमा अध्ययनरत छात्राहरूमध्ये ५० प्रतिशत छात्राहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । दलित परिवारका विद्यार्थीहरू तथा सीमान्त गरिबीका रेखामुनि रहेका समुदायका बालबालिकाहरूका लागि प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिनेछ । विद्यालय शिक्षा, विशेष शिक्षा तथा उच्चशिक्षाको स्तर वृद्धि गर्न विशेष व्यवस्था गरिनेछ ।

१९. वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित एवं पारदर्शी बनाउन सीप विकासमा जोड दिनुको साथै कानूनमा सुधार गरिनेछ । मुलुकभित्रै स्वरोजगार सृजना गर्न र वैदेशिक रोजगारीको गुणस्तरमा वृद्धि गर्नका लागि मानव संसाधन विकास गर्न



विशेष ध्यान पुऱ्याइनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सहभागी गराउन उत्पीडित समुदाय एवं शहीदका छोराछोरी आदिलाई प्रोत्साहन स्वरूप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२०. लैङ्गिक असमानताका कारण महिलाहरू राष्ट्रिय विकासको मूल प्रवाहमा सहभागी हुन नसकेको विद्यमान अवस्थामा उनीहरूको क्षमता विकास एवं सशक्तीकरणको कार्यक्रमलाई प्राथमिकता प्रदान गरिनेछ । महिलाहरूप्रति विभेदपूर्ण कानूनहरूमा सुधार गरी महिलालाई समानता प्रदान गर्ने किसिमका कानून तयार गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ । महिला विकास कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

२१. स्वास्थ्य जनताको आधारभूत मानव अधिकार हो भन्ने मान्यताप्रति प्रतिबद्ध रही नेपाल सरकारले विशेषगरी गाउँका गरिब, असहाय र उपेक्षित वर्गको हितलाई ध्यानमा राखी स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नेछ । जन आन्दोलनको दौरानमा घाइते भई गम्भीर रूपमा अपाङ्ग भएका व्यक्तिहरूको उपचारको लागि पर्याप्त सहयोग पुऱ्याइनेछ ।

२२. नेपालको बढ्दो विद्युत् मागको आपूर्ति गर्न तथा लोड सेडिङ्गको स्थितिलाई हटाउन तत्काल केही मध्यमस्तरका जलविद्युत् आयोजनाहरूको कार्यान्वयन अघि बढाइनेछ । ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउनका लागि सामुदायिक ग्रामीण विद्युतीकरणलाई विस्तार गरिनेछ । यसका अतिरिक्त ग्रामीण क्षेत्रमा विद्युत एवं ऊर्जाको पहुँच बढाउन ग्रामीण विद्युतीकरण कार्यक्रमलाई तीव्रता दिनुको साथै सौर्य ऊर्जा, बायो ग्याँस, लघु जलविद्युत् एवं अन्य वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारमा जोड दिइनेछ ।

२३. बृहत् तथा मझौला सिंचाई आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिनुको साथै भूमिगत जलको प्रयोगबाट बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन भूमिगत जल सिंचाई कार्यक्रम र कृषकहरूद्वारा संचालित प्रणालीहरूमा आवश्यक सुधार र मर्मत गरी सिंचाई सुविधा भरपर्दो बनाउन सरकारले जोड दिनेछ ।

२४. योजनाबद्ध शहरी विकासमा टेवा पुऱ्याउन र विना पूर्वाधार जथाभावी घर बनाउने प्रवृत्तिलाई निरुत्साहित गर्न कानूनी संरचनाका साथै राष्ट्रिय शहरी नीति तयार गरी लागू गरिनेछ । शुरु भएका खानेपानी आयोजनाहरूको निर्माण कार्य आगामी तीन वर्षभित्र पूरा हुने गरी कार्यक्रममा समायोजन गरिनेछ ।

२५. लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप सार्वभौम नागरिकको सुसूचित हुने अधिकारको पूर्ण उपयोग हुने वातावरण सुनिश्चित गरिनेछ । जनतालाई

सार्वजनिक महत्वका सूचनाहरू उपलब्ध गराउन आवश्यक संस्थागत एवं प्रक्रियागत व्यवस्था मिलाइनेछ । यसका लागि दूरसञ्चार तथा आधुनिक सञ्चार प्रविधिको उपयोगमा सबैको पहुँच सर्वसुलभ बनाउँदै लगिनेछ भने रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र एवं राष्ट्रिय समाचार समितिलाई स्वायत्त, आत्मनिर्भर र प्रतिस्पर्धी बनाउने नीति लागू गरिनेछ । निजी क्षेत्रमा संचालित विद्युतीय संचार एवं छापाका माध्यमहरूलाई स्वतन्त्र एवं मर्यादित बनाउन प्रोत्साहन गरिनेछ । टेलिफोन सेवालाई दुर्गम क्षेत्रहरूसमेतमा विस्तार गरिनेछ ।

सभामुख महोदय,

२६. मुलुकमा भर्खरै मात्र स्थापना भएको लोकतान्त्रिक व्यवस्थाको मर्म त भावनाअनुसार निजामती सेवालाई सक्षम, दक्ष एवं सेवामुखी बनाउन समयानुकूल सुधार गर्दै लगिनेछ । प्रशासनिक तथा सार्वजनिक क्षेत्रका विभिन्न तहमा हुनसक्ने ढिलासुस्ती, अनियमिततालाई नियन्त्रण गर्न विशेष जोड दिई सेवा सुविधा प्रवाहको तहगत अनुगमन गरिनेछ ।

२७. सरकारी कर्मचारीहरूलाई बढ्दो महंगीबाट राहत दिन नेपाल सरकारले मूल्यवृद्धि दरको निश्चित प्रतिशतका आधारमा महंगी भत्ताको व्यवस्था गर्नेछ । साथै कर्मचारी सञ्चय कोषको सहभागितामा देशका प्रमुख शहरी क्षेत्रहरूमा सरकारी कर्मचारी तथा संचयकर्ताहरूका लागि व्यवस्थित आवास योजना सञ्चालन गरिनेछ ।

२८. न्यायको पहुँच सर्वसाधारणसम्म पुऱ्याउन र न्यायलाई छिटोछरितो, कम खर्चिलो र सर्वसुलभ गराउन न्यायालयहरूलाई थप साधन सम्पन्न बनाइनेछ । विशेषगरी तराई क्षेत्रको नागरिकता समस्या समाधान गर्न तथा आमाको नामका आधारमा समेत नागरिकता प्रदान गर्न आवश्यक कानूनी तथा संरचनात्मक व्यवस्था गरिनेछ ।

२९. लोकतान्त्रिक व्यवस्था सुहाउँदो लोकतान्त्रिक, बहुलवादी र मौलिक राष्ट्रिय संस्कृतिको विकासको निम्ति नीतिगत एवं संरचनात्मक व्यवस्था गरिनेछ । नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गर्ने प्रतिनिधि सभाको घोषणा अनुरूप आवश्यक नीतिहरू तर्जुमा गरिनेछन् ।



सभामुख महोदय,

३०. विगत डेढ दशकदेखि रहेको भूटानी शरणार्थी समस्यालाई यथाशक्य चाँडो टुंगोमा पुऱ्याउने र भुटानी शरणार्थीहरूलाई स-सम्मान स्वदेश फिर्ता गराउने प्रयास गरिनेछ ।

३१. लोकतन्त्र स्थापनाका लागि जनताले गरेको शान्तिपूर्ण संघर्षको दौरानमा हामीलाई सद्भाव एवं समर्थन जनाउने सबै मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय संघसंस्था तथा नागरिक समाजप्रति नेपाली जनता तथा सरकारको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु । छिमेकी लगायत विश्वका सबै मित्रराष्ट्रहरूसँग सार्वभौमिक समानता एवं शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरूका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने हाम्रो परराष्ट्र नीतिले निरन्तरता पाउनेछ ।

३२. नेपालको विदेशस्थित दूतावास एवं नियोगहरूलाई पर्यटन, व्यापार, लगानी, रोजगारी जस्ता विषयहरूमा राष्ट्रिय हित प्रवर्द्धन गर्न उपयोग गरिनेछ । गैरआवासीय नेपालीहरूको ज्ञान, सीप एवं पूँजी देशको आर्थिक एवं सामाजिक विकासमा परिचालन गर्न थप प्रयासहरू गरिनेछ । प्रवासी नेपालीहरूको हितको लागि आवश्यक कदम चालिनेछ ।

३३. वर्तमान शान्ति प्रक्रिया तथा हातहतियारको व्यवस्थापनसम्बन्धी कार्यहरूमा संयुक्त राष्ट्रसंघबाट उपयुक्त ढाँचामा आवश्यक सहयोग लिइनेछ ।

सभामुख महोदय,

३४. नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नति नेपाली दाजुभाइ एवं दिदीबहिनीको एकता र सत्प्रयासमा नै निर्भर रहन्छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) समेत हतियार त्याग गरी बहुदलीय प्रतिस्पर्धाको शान्तिपूर्ण बाटोमा आउनका लागि नेपाल सरकारसँग शान्ति प्रक्रियामा सामेल भइरहेको वर्तमान अवस्थामा शान्ति स्थापनाको दिशामा छिटो गतिमा पाइला चाल्नु हामी सबैको पुनीत कर्तव्य हो । यस क्रममा अन्तरिम संविधान निर्माण गर्ने र अन्तरिम सरकार गठन गरेर संविधानसभाको निर्वाचनद्वारा मुलुकमा जनताको हक अधिकार स्थापना गरी चिरकालपर्यन्त नेपाली मात्रले आपसी सद्भाव र अनुशासन कायम गर्दै लोकतान्त्रिक पद्धतिको माध्यमबाट मुलुकको सर्वतोमुखी विकासमा सहभागी हुने वातावरण तयार गर्न समाजका सबै पक्षबाट सहयोग हुनेछ भन्ने कुरामा म पूर्ण आशावादी छु ।

जय नेपाल ।

व्यवस्थापिका-संसदको बैठकमा सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०६४/६५ को

## नेपाल सरकारको

# नीति तथा कार्यक्रम

सम्वत् २०६४ साल आषाढ २० गते बुधवार

**सम्माननीय सभामुख महोदय,**

१. आठ राजनीतिक दलको संयुक्त सरकारको प्रधानमन्त्रीको हैसियतले नेपाल सरकारको आर्थिक वर्ष २०६४।०६५ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित व्यवस्थापिका-संसदसमक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

२. अहिले हामी मुलुकमा चलेको दश वर्षभन्दा लामो सशस्त्र द्वन्द्वलाई अन्त्य गरी वार्ता र सहमतिको माध्यमबाट अन्तरिम संविधान जारी एवं अन्तरिम सरकारको गठनजस्ता ऐतिहासिक कार्यहरू सम्पन्न गरी संविधानसभाको निर्वाचनका लागि जुटिरहेका छौं । यस अवसरमा म सर्वप्रथम लोकतन्त्र स्थापनाका लागि शहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । साथै, यस क्रममा घाइते भई हालसम्म स्वास्थ्यलाभ गरिरहेका सम्पूर्ण महानुभावहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

३. मुलुकको स्वतन्त्रता, राष्ट्रिय एकता, अखण्डता र स्वाभिमानको रक्षाका लागि क्रियाशील रहँदै राष्ट्रिय हित र स्वाभिमानको संरक्षण गर्दै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता एवं कानूनी राज्यको अवधारणालगायत सर्वस्वीकार्य लोकतान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्ने एवं महत्वपूर्ण राष्ट्रिय सवालहरूमा सहमति कायम गरी अघि बढ्ने सरकारको प्रतिबद्धता समेत व्यक्त गर्दछु।

४. ऐतिहासिक जनआन्दोलन एवं संघर्षमार्फत जनताको बलिदानबाट प्राप्त भएको लोकतन्त्रको संस्थागत विकासमा आगामी मंसीर महिनामा हुने संविधानसभाको निर्वाचनले महत्वपूर्ण योगदान पुऱ्याउनेछ। यस निर्वाचनबाट पुरानो युगको अन्त्य भई नेपाल नयाँ युगमा प्रवेश गर्नेछ।

सभामुख महोदय,

५. आपसी मत-मतान्तरलाई वार्ता र संवादको माध्यमबाट समाधान गर्दै शान्ति सुरक्षाको स्थितिमा उल्लेखनीय सुधार गरिनेछ। संविधानसभाको निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्नका लागि जनताले निर्भयतापूर्वक शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउने हक सुनिश्चित गरिनेछ । यसका लागि आठ दलबीच भएका समझदारी र सहमतिहरूमा व्यक्त प्रतिबद्धताहरूलाई कार्यान्वयन गरिनेछ । हिंसात्मक एवं आपराधिक क्रियाकलापलाई कडाइका साथ नियन्त्रण गरिनेछ। संविधानसभाको निर्वाचनको प्रयोजनका लागि विशेष कार्ययोजना तयार गरी प्रहरी एवं प्रशासनलाई सुदृढ एवं क्रियाशील बनाइनेछ।

६. संविधानसभाको निर्वाचनमा सवै क्षेत्र, लिंग, जाति, जनजाति, वर्ग र समुदायको सुसूचित हुन पाउने हकको संरक्षण र नागरिक शिक्षा कार्यक्रम संचालनमा विभिन्न सरकारी, गैर- सरकारी संघ/संस्था, नागरिक समाज एवं सञ्चार माध्यमलाई परिचालन गरिनेछ। निर्वाचन आयोगलाई आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराइनेछ। संविधानसभाको निर्वाचन पर्यवेक्षणको निमित्त संयुक्त राष्ट्रसंघ लगायत अन्य स्वदेशी तथा विदेशी संघ/संस्थालाई संलग्न गराइनेछ।

७. अन्तरिम संविधानको भावनाबमोजिम संघीय संरचनासहितको राज्यको पुनःसंरचना गर्न राज्य पुनःसंरचना आयोग यथाशीघ्र गठन गरिनेछ । मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग तथा पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागिताको निमित्त आवश्यक गृहकार्य गर्न विशेषज्ञ सहितको एक कार्यदल गठन गरिनेछ । राजनीतिक नियुक्ति हुने पदहरूमा समावेशी सहभागिताका आधारमा नियुक्ति गरिने नीतिलाई तत्कालै शुरु गरिनेछ ।

८. विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र समझदारीहरूको कार्यान्वयन र पालना गर्दै दिगो शान्ति र विकासलाई संस्थागत गर्न केन्द्रीय तथा स्थानीय स्तरमा अनुगमनका संयन्त्रहरूको निर्माण गरिनेछ ।

९. द्वन्द्व र आन्दोलनहरूको क्रममा मारिइने मृतकका परिवारहरू र घाइते तथा अपाङ्ग भएका एवं द्वन्द्वबाट विस्थापित हुनपुगेका व्यक्तिहरूलाई राहत प्रदान गर्दै हिंसात्मक द्वन्द्वबाट प्रभावित र विस्थापितहरूको पुनःस्थापना तथा भौतिक संरचनाहरूको पुनर्निर्माणको विशेष कार्यक्रम तयार पारी उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै समाजमा सामाजिक सद्भाव, एकता र मेलमिलापको वातावरण तयार गरिनेछ ।

सभामुख महोदय,

१०. नयाँ नेपालको निर्माणको सन्दर्भमा मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणसम्बन्धी साझा राष्ट्रिय अवधारणापत्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. समृद्ध, आधुनिक, संघात्मक, समावेशी र न्यायपूर्ण नेपालको निर्माणको आधार तयार गर्न राष्ट्रिय विकास परिषद्का सुझावहरू समेतलाई ध्यानमा राखी आगामी आर्थिक वर्षदेखि त्रिवर्षीय अन्तरिम योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

१२. कृषिक्षेत्र ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो । ग्रामीण जनताको आय आर्जनको प्रमुख आधार पनि कृषि नै हो । कृषिक्षेत्रको विकास नगरी गरीब जनसमुदायको आर्थिकस्तरमा सुधार गर्न संभव छैन । त्यसैले कृषिक्षेत्रको व्यवसायीकरण गरी यस क्षेत्रलाई आर्थिक वृद्धिको मूल आधार बनाइनेछ । कृषिजन्य उत्पादनको विविधीकरण तथा आधुनिकीकरणका लागि पूँजी र प्रविधिको विकासमा जोड दिइनेछ । दीर्घकालीन कृषि योजना कार्यान्वयन स्थितिको मूल्यांकनका आधारमा सो योजनामा आवश्यक सुधार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई प्रोत्साहन गरिनेछ । नेपाललाई सुरक्षित, आकर्षक र लगानी-मैत्री स्थलको रूपमा विकास गर्ने उद्देश्यले विदेशी लगानी नीति तथा औद्योगिक नीतिमा सुधार गरिनेछ । त्यसैगरी, मुलुकको निकासी व्यापारलाई आर्थिक वृद्धिको आधारस्तम्भको रूपमा विकास गर्न मौजूदा वाणिज्य नीतिमा समसामयिक सुधार गरिनेछ । विशेष आर्थिक क्षेत्रको अवधारणालाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइनेछ । गैर-आवासीय नेपाली (NRN) को सीप, पूँजी र उद्यमशीलतालाई राष्ट्रनिर्माणमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ । लघु-उद्यम व्यवसायीहरूको प्रवर्द्धनार्थ लघु-उद्यम नीति तर्जुमा गरिनेछ । पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि मूल्य समायोजनको नीति लिई



निजी क्षेत्रसमेतको सहभागितामा आपूर्ति व्यवस्थामा सुधार गरिनेछ । उद्योग क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्न औद्योगिक सुरक्षा बल गठन गर्ने कार्य प्रारम्भ गरिनेछ ।

१४. वैदेशिक सहायता परिचालनमा राष्ट्रिय हितलाई सर्वोपरि मानिनेछ । दिगो शान्ति स्थापनामा टेवा पुऱ्याउने गरी जनचाहना अनुसारका विकास निर्माणका कार्यमा तीव्रता ल्याउन द्विपक्षीय तथा बहुपक्षीय सहायता परिचालनमा जोड दिइनेछ । सार्वजनिक खर्चको विनियोजनमा वित्त सन्तुलन कायम गर्ने नीति लिइनेछ ।

१५. सबै जाति तथा जनजातिहरूका भाषा तथा मौलिक संस्कृतिको जगेर्ना गर्दै परम्परागत रीतिरिवाजहरूको संवर्द्धन र संरक्षण कार्यलाई व्यवस्थित गर्न नयाँ संस्कृति नीति लागू गरिनेछ ।

१६. नेपाललाई विश्वको एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न पर्यटन पूर्वाधारको विकास, पर्यटन विविधीकरण र पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र क्षेत्रीयस्तरका अन्तर्राष्ट्रिय विमानस्थलहरूको विकासका लागि प्रारम्भिक कार्यको थालनी गरिनेछ । नेपाल वायुसेवा निगमलाई सार्वजनिक–निजी साझेदारीको नीति अनुरूप सञ्चालन गरिनेछ ।

१७. वैज्ञानिक भूमिसुधार र व्यवस्थापनको लागि पूर्वाधार तयार गरिनेछ । सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ । मुक्त कमैया पुनःस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि मजदुर र भूमिहीन-सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ र भूमिहीन-सुकुम्बासीको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१८. विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको शिक्षामा पहुँच वृद्धि गरिनेछ । विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई अझ सशक्त बनाइनेछ । ग्रामीण क्षेत्रका जनसमुदायको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा विस्तार गर्न गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ । विश्वविद्यालय शिक्षालाई अनुसन्धानमूलक एवं प्रतिस्पर्धी बनाइनुका साथै विद्यालयतहदेखि नै खेलकूदका कार्यक्रमलाई समाहित गरिनेछ । कृषि तथा वन विज्ञानसम्बन्धी विश्वविद्यालय स्थापनाका लागि प्रारम्भिक कार्यको थालनी गरिनेछ ।

१९. प्राथमिक स्वास्थ्य सेवालाई जनताको आधारभूत अधिकारको रूपमा स्थापित गर्दै गुणस्तरीय स्वास्थ्यसेवा आम जनताको पहुँचभित्र पुऱ्याउन भूगोल र जनसंख्याको आधारमा स्वास्थ्य क्षेत्रको पुनःसंरचना गर्दै उप-स्वास्थ्यचौकीहरूलाई क्रमशः स्वास्थ्यचौकीमा स्तरोन्नति गर्ने नीति अवलम्बन गरी आगामी आर्थिक वर्षमा केही उप-स्वास्थ्यचौकीहरूलाई स्वास्थ्यचौकीमा परिणत गरिनेछ । देशभरिका गरीब, असहाय र उपेक्षित वर्गलाई निःशुल्क स्वास्थ्य उपचार र स्वास्थ्य संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरूसमेत सञ्चालन गरिनेछन् ।

२०. महिला, बालबालिका तथा समाज कल्याणका क्षेत्रमा आवश्यक कानूनी तथा नीतिगत सुधार गरिनेछ । धर्म, भाषा, संस्कृति र जातीय आधारमा हुने छुवाछुतलगायत सबै प्रकारको सामाजिक भेदभावलाई पूर्णरूपमा अन्त्य गरिनेछ । सबै जाति, धर्म, भाषा र संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि विशेष व्यवस्था मिलाइनेछ ।

२१. समुदाय परिचालनको माध्यमबाट समाजका अत्यन्त विपन्न र गरिबीको रेखामुनि रहेका महिला, दलित, मधेशी र आदिवासी जनजातिको एवं पिछडिएको क्षेत्रमा आय आर्जन, क्षमता अभिवृद्धि र सामुदायिक पूर्वाधार विकासका कार्यक्रम संचालन गरिनेछन् ।

२२. देशमा विद्यमान प्रचुर जलविद्युतको सम्भावनालाई राष्ट्रिय हितमा उपयोग गर्न नयाँ बहुउद्देश्यीय आयोजनाहरूको छनौट तथा कार्यान्वयनमा जोड दिइनेछ । ग्रामीण विद्युतीकरणको कार्यक्रमलाई विस्तारित गरिनेछ । सिञ्चित क्षेत्र विकास तथा विस्तार गर्न बृहत्, मझौला, साना एवं नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै, सतह तथा भूमिगत जलको प्रयोगबाट वर्षैभरि सिंचाई सुविधा उपलब्ध गराउन सिंचाई प्रणालीमा आवश्यक सुधार र पुनःस्थापन गरिनेछ । सिंचाई आयोजनाहरू संचालनमा स्थानीय जनताको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

२३. देशको आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको भौतिक पूर्वाधारको निर्माणमा सरकार, स्थानीय निकाय, उपभोक्ता समूह र निजी क्षेत्रको संयुक्त प्रयासमा जोड दिइनेछ । सडकले नछोएका थप पाँच जिल्लाका सदरमुकामलाई आगामी आर्थिक वर्षमा राष्ट्रिय सडक संजालसँग जोडिनेछ । तराईका हुलाकी एवं सहायक राजमार्ग, मध्य पहाडी राजमार्ग तथा उत्तर-दक्षिण राजमार्ग लगायतका सडकहरूको निर्माण एवं स्तरोन्नति कार्यलाई तीब्रताका साथ अघि बढाइनेछ ।

२४. खानेपानी तथा सरसफाइ क्षेत्रको समुचित दिगो विकास तथा विस्तारका लागि एकीकृत नीति लागू गरिनेछ । मेलम्ची खानेपानी आयोजनालाई यथासमयमा सम्पन्न गर्ने गरी कार्यान्वयनको प्रक्रिया शीघ्र अघि बढाइनेछ ।

सभामुख महोदय,

२५. विशेष ग्रामीण दूरसञ्चार विस्तार कार्यक्रम सञ्चालन गरी प्रत्येक गाउँ विकास समितिमा कम्तीमा दुई वटा सार्वजनिक टेलिफोन केन्द्र स्थापना हुने कार्यक्रम अगाडि बढाइनेछ । दूरसञ्चारको विकास र विस्तारका लागि विद्यमान सूचना मार्गहरूको भरपूर प्रयोग गर्दै वैकल्पिक सूचना मार्गको विकासको लागि पहल गरिनेछ । सार्वजनिक प्रसारण र आमसञ्चार माध्यमलाई लोकतान्त्रिक, समावेशी एवं प्रतिनिधिमूलक बनाइनेछ । हुलाक सेवालाई छिटोछरितो, भरपर्दो, व्यावसायिक एवं विविधीकरण गर्दै सूचना तथा सञ्चार प्रविधिलाई ग्रामीण क्षेत्रसम्म विकास र विस्तार गरिनेछ । जनताको सुसूचित हुन पाउने हकको सुनिश्चितताको निमित्त कानूनी व्यवस्था मिलाइनेछ ।

२६. वन क्षेत्रको दिगो व्यवस्थापन गरी गरिवी न्यूनीकरणमा थप योगदान पुऱ्याइनेछ । जैविक विविधता संरक्षण गर्दै पर्या-पर्यटनमा टेवा पुऱ्याउन पहाडी क्षेत्रमा सामुदायिक तथा कवुलियती वन एवं तराई तथा भित्री मधेश क्षेत्रमा उत्पादनशील वनका विभिन्न कार्यक्रम संचालन गरिने छन् ।

२७. वातावरण, विज्ञान र प्रविधिसंग सम्बन्धित विषयलाई राष्ट्रिय विकास प्रक्रियामा आबद्ध गर्ने कार्यलाई सुदृढ गरिनेछ । सार्वजनिक क्षेत्रबाट प्रवाह गरिने सेवाहरूमा सुधार गर्न सूचना प्रविधिको प्रयोग गर्दै लगिनेछ ।



२८. श्रम तथा यातायात व्यवस्थाको सुदृढीकरणका लागि कानूनी तथा संस्थागत सुधार एवं सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ । नेपाली कामदारहरूका लागि आकर्षक गन्तव्यको खोजी गर्दै विदेशमा काम गर्न जाने नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि रोजगारी प्रदान गर्ने देशसँग श्रम-सम्झौता गर्दै लगिनेछ । नेपाली कामदारहरू अत्यधिक रहेका मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गर्दै जाने र अन्य मुलुकहरूमा नेपाली दूतावासको पहुँच र क्षमता वृद्धि गरिनेछ । श्रमिकहरूको लागि सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन गरिनेछन् । वैदेशिक रोजगारीका निमित्त विदेशमा जाने नेपाली युवाहरूका लागि कल्याणकारी कार्यक्रम संचालन गर्ने नीति सरकारले अख्तियार गर्नेछ ।

२९. पूर्व–पश्चिम राजमार्गलगायत मुलुकका अन्य राष्ट्रिय राजमार्गहरूमा निर्बाध रूपमा यातायात सञ्चालन हुने व्यवस्था गर्न र ती राजमार्गहरूमा कुनै पनि किसिमको अवरोध सिर्जना हुन नदिन आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

३०. बेरोजगार समस्या समाधान गर्न जनसहभागितामा आधारित पूर्वाधार निर्माणमा जोड दिइनेछ । तालिम, सीप विकास र क्षमता अभिवृद्धिका माध्यमबाट युवावर्गलाई स्वरोजगार र आय आर्जनका काममा प्रोत्साहित गरिनेछ । गरीबी निवारण कोषको कार्यक्षेत्र विस्तार गरी ग्रामीण क्षेत्रका विपन्न परिवारका लागि आय आर्जनको थप अवसर प्रदान गरिनेछ ।

३१. सुदूरपश्चिमाञ्चल, कर्णाली क्षेत्रलगायत मध्यपश्चिमाञ्चल विकास क्षेत्र र त्यस आसपासका क्षेत्र एवं मानव विकास सूचकाङ्कको दृष्टिकोणबाट पछाडि परेका जिल्लाहरूको विकास एवं रोजगारी सिर्जना गर्नका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

सभामुख महोदय,

३२. राजनीतिक सहमतिमा स्थानीय निकायलाई सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । लोकतान्त्रिक मान्यता अनुरूप स्थानीय निकायहरूलाई अधिकतम अधिकार निक्षेपणको नीति अवलम्बन गरिनेछ । समतामूलक एवं समावेशी राज्य सञ्चालनको मान्यताअनुरूप अति विपन्न परिवार, महिला, उपेक्षित, उत्पीडित, दलित, आदिवासी, जनजाति, मधेशी, पिछडिएका एवं सीमान्त तथा दुर्गम क्षेत्रमा बसोवास गर्ने समुदायको सशक्तीकरणका लागि विभिन्न रोजगार एवं आयमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

३३. मुलुकलाई भ्रष्टाचारबाट मुक्त राखी सुशासनको अनुभूति दिलाउन दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्वन गरिनेछन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोग एवं महालेखा परीक्षकको कार्यालयको कार्य दक्षतामा वृद्धि गरिनेछ ।

३४. स्वतन्त्र न्यायपालिका, कानूनको शासन र मानव अधिकारप्रति सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई थप क्रियाशील तुल्याइनेछ । अदालतहरूको भौतिक सुविधा विकासमा जोड दिइनेछ ।

३५. निजामती सेवालाई बढी पारदर्शी, जनमुखी, उत्तरदायी र समावेशी बनाइनेछ । राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिकमा वृद्धि गरिनेछ । पदोन्नति एवं वृत्ति-विकासका अवसरहरू सुनिश्चित गरी निजामती सेवालाई आकर्षक सेवाको रूपमा विकास गर्न निजामती

सेवासम्बन्धी कानूनमा समयानुकूल सुधार गरिनेछ । लोकसेवा आयोगको सुदृढीकरण गर्दै परीक्षा-प्रणाली र परीक्षण प्रविधिमा सुधार गरिनेछ ।

३६. मुलुकको शान्ति सुरक्षालाई सुनिश्चितता प्रदान गर्न तथा प्रहरी संगठनलाई सक्षम एवं सबल बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिकीकरण गरी साधन सम्पन्न तुल्याइनेछ ।

३७. नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा गर्नुका साथै उपयुक्त संख्या, संरचना र समावेशी राष्ट्रिय चरित्र निर्माण गरी मानव अधिकारको मूल्यद्वारा प्रशिक्षित गरिनेछ । साथै, विकास निर्माणको कार्यमा उनीहरूको संलग्नता बढाइनेछ ।

३८. नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का लडाकू रहेका शिविरहरूको समुचित व्यवस्थापनमा ध्यान दिंदै अन्तरिम संविधानबमोजिम गठित विशेष समितिको सिफारिसको आधारमा उनीहरूको समायोजन एवं पुनःस्थापनाको कार्य अगाडि बढाइनेछ ।

३९. स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको सम्पतिलाई ट्रष्ट बनाई राष्ट्रहितमा प्रयोग गरिने प्रक्रिया थालिने छ । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएको दरबार, बन, निकुञ्ज, ऐतिहासिक एवम् पुरातात्विक महत्वका सम्पदा आदि जस्ता सम्पतिहरू राष्ट्रियकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

४०. संयुक्त राष्ट्रसंघको बडापत्रमा अन्तर्निहित आदर्श एवं मान्यता तथा असंलग्नताका सिद्धान्तमा आधारित नेपालको परराष्ट्र नीतिलाई सबल ढंगले कार्यान्वयन गर्न कुटनैतिक संयन्त्रलाई अझ प्रभावकारी तुल्याइनेछ ।

४१. छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँगको मित्रतालाई उच्च महत्व दिने नीति लिइनेछ । साथै, अन्य मित्रराष्ट्रहरूसँगको सुसम्बन्धलाई अझ प्रगाढ बनाइनेछ ।

४२. विगत डेढ दशकदेखि पूर्वी नेपालको शरणार्थी शिविरमा रहेका भूटानी शरणार्थीहरू ससम्मान र निर्भयरूपमा स्वदेश फिर्ता हुन पाउनुपर्दछ भन्ने मान्यता सरकारको रहेको छ । स्वदेश फर्किने अक्षुण्ण अधिकारलाई सुरक्षित गर्दै स्वेच्छाले तेस्रो देशमा उनीहरू स्थानान्तरण हुन चाहेमा नेपाल सरकारले त्यसलाई अन्तरिम व्यवस्थाका रूपमा स्वीकार गर्ने नीति अपनाउनेछ ।

४३. शान्ति प्रक्रियाको सफलता, लोकतन्त्रको सुदृढीकरण र मुलुकको आर्थिक-सामाजिक विकास प्रयासमा विदेशी मित्रराष्ट्रहरू, दातृ निकायहरू र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र सहयोगले आगामी दिनहरूमा निरन्तरता पाउने विश्वास प्रकट गर्दै, त्यस्तो सहयोग उपलब्ध गराउने सबैका प्रति नेपाली जनता र नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सभामुख महोदय,

४४. सहमति र सहकार्यको संस्कृति अनुशरण गरी आपसी मत-मतान्तरलाई वार्ता र सम्वादको माध्यमबाट निराकरण गर्दै लैजानु अहिलेको वास्तविकता हो । यसतर्फ वर्तमान सरकार सचेत रही सबै किसिमका मागहरूलाई वार्ताद्वारा हल गर्न प्रयत्नशील पनि रहेको छ । सबै प्रकारको हिंसात्मक कार्य बन्द गरी वार्ताको टेबुलबाट समस्याको समाधान खोज्न सरकारले



अपिल पनि गरेकै छ र वार्ताको ढोका पनि खुला नै राखेको छ । तथापि देशका केही भू-भागमा विभिन्न समूहका नाममा अझै पनि हिंसात्मक गतिविधि भई नै रहेका छन् । यस्ता हिंसात्मक आपराधिक क्रियाकलापलाई छुट नदिई कडाइका साथ नियन्त्रण गरिनेछ । यसलाई गम्भीरतापूर्वक लिंदै समस्याहरूको समाधान वार्ता र संवादबाट गर्न सरकार सम्बद्ध सबै पक्षलाई पुनः आह्वान गर्दछ । साथै, संविधान सभाको निर्वाचनको लागि सहज वातावरण तयार गर्न शान्ति व्यवस्था खलल हुने खालका कुनै पनि प्रकारका बन्द, चक्काजाम, हडताल, तालाबन्दी आदि नगरिदिनुहुन समस्त देशवासीलाई म आफ्नो एवं सरकारको तर्फबाट हार्दिक अपिल गर्दछु ।

४५. नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नति हामी नेपालीहरूको एकता र सत्प्रयासमा निर्भर गर्दछ । संविधान सभाको निर्वाचनको माध्यमबाट हाम्रा अनगिन्ती समस्याहरूको निराकरण मात्र हुने होइन, यसले जनाधिकारको सुदृढीकरण गर्दै नयाँ नेपाल निर्माणको चित्र कोर्न समेत सहयोग पुग्ने विश्वास लिएको छु । तसर्थ, संविधान सभाको निर्वाचनद्वारा लोकतान्त्रिक शासन प्रणालीलाई संस्थागत गर्दै सदैव नेपालीहरूबीच आपसी सद्भाव र सुसम्बन्ध कायम गर्न तथा मुलुकको सर्वतोमुखी विकासमा सहभागी हुने वातावरण तयार गर्न हामी सबै क्रियाशील हुनुपरेको छ । अतः यसैतर्फ क्रियाशील भई संविधान सभाको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा सहयोग पुर्‍याउन सम्पूर्ण राजनीतिक दल र तिनका भातृ संस्थाहरू, पत्रकार तथा सञ्चारकर्मीहरू, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, उद्यमी व्यावसायीहरू, विभिन्न पेशागत एवं व्यावसायिक संघ-संस्थाहरू तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा म हार्दिक अपिल गर्दछु ।

जय नेपाल !